# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### अत्तरिया, कैलाली
### सुदूरपश्चिम प्रदेश, नेपाल

## सीपमुलक तालिम कार्यक्रमको प्रस्ताव आह्वान गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति :- २०७५/१२/२२ गते**

यस कार्यालयको मिति २०७५/११/२२ गते स्थानीय स्तरको अग्नी पोष्ट दैनिक र अनुमोदन राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार लामो अवधी ३ महिने सीपमुलक तालिम कार्यक्रमहरु ईच्छुक तालिम प्रदायक संघ/संस्थाहरुबाट संचालन गर्न प्रस्ताव आह्वान गरिएकोमा तपसिल बमोजिमका कार्यक्रमहरुमा रितपूर्वकको प्रस्ताव नपरेको हुँदा पूर्ववत सूचनाका शर्तहरुको अधिनमा रही यस कार्यालयमा सूचीकृत भएका ईच्छुक तालिम प्रदायक संघ/संस्थाहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (**२०७५ चैत्र २८**) भित्र यस कार्यालयको राजश्व शाखाबाट रु. १,०००।- (अक्षेरुपी एक हजार मात्र) नगदै तिरी (पछि फिर्ता नहुने गरी) प्रशासन शाखाबाट **कार्यक्रम संचालन सम्बन्धी प्रस्तावना (TOR)** खरिद गरी पेश गर्नका लागि यो सूचना दोस्रो पटक प्रकाशित गरिएको छ। प्रस्ताव खरिदको अन्तिम दिनको भोलीपल्ट दिउँसो १२.०० बजे भित्र प्रस्ताव यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ र प्रस्ताव सोही दिनको २.०० बजे खोलिने छ। प्रस्ताव खरिद र दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। तालिम प्रदायक संस्थाले TOR मा उल्लेख भएका शर्तहरुको अधिनमा रही प्रस्ताव पेश गर्नुपर्ने छ। रित नपुगी वा समयमा पर्न नआएका प्रस्ताव उपर कुनै किसिमको कार्यवाही हुनेछैन। यसमा उल्लेख भएका बाहेक अन्य बिषयहरु प्रचलित कानुन बमोजिम हुनेछ। यस सम्बन्धी थप जानकारीका लागी कार्यालय समय भित्र कार्यालयमा तथा ०९१-५०८००१ मा सर्म्पक गर्नु हुन समेत अनुरोध गरिन्छ। पूर्ववत सूचना बमोजिम संचना नं. २, ४, ६, ७ र ८ का कार्यक्रममा प्रस्ताव दर्ता गराएका तालिम प्रदायक संघ/संस्थाहरुले प्रस्ताव खरिद प्रक्रियामा भाग लिन पाउने छैनन्।

**प्रस्ताव पेश गर्न सकिने क्षेत्रहरु**

| सूचना नं. | कार्यक्रमको नाम | स्वीकृत रकम | संचालन गर्नु पर्ने स्थान | सहभागी वडाहरु | सहभागी संख्या |
|---|---|---|---|---|---|
| १ | बेरोजगार युवाहरुलाई मोटर साईकल मर्मत तालिम र औजार वितरण (३ महिने) | ६,००,०००।- | अत्तरिया | १२ वटै | ३६ जना |
| ३ | कपाल काट्ने तालिम (३ महिने) | २,००,०००।- | जमुनाभाडी | ६, ७, ८, ९ | २० जना |
| ५ | केरा खेती तथा केराको उत्पादनबाट विभिन्न सामग्री निर्माण तालिम तथा उपकरण वितरण (३ महिने) | ४,००,०००।- | जमुनाभाडी | १, २, ४, ६, ७, ८, ९ | २८ जना |

प्रमुख प्रशासकिय अधिकृत

खेम राज बिष्ट
प्रमुख प्रशासकिय अधिकृत